# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम) ०८८-४०११४६,९८५७८२६१११
कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


चौरजहारी नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७४

प.स. : २०७९/०८० (प्रशासन)

च.नं. : ११६२ मिति : २०७९/१०/२२

**विषय :- बिक्रि स्थलमा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गराउने सम्बन्धमा।**

**श्री वडा कार्यालयहरू (१४ वटै),**

**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।**

उपर्युक्त विषयमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको च.नं. ४६८, मिति २०७९/१०/११ गतेको बिक्री स्थल (Point of sale) मा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गराउने सम्बन्धमा लेखिएको पत्र यसैसाथ संलग्न गरी पठाइएको छ सोही पत्रबाट विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार गर्नु/गराउनु हुन अनुरोध छ।

..........
रामबहादुर सुनार
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

फोन नं : ०१-५३५४२७१
०१-५३५४६१३
०१-५३५४३५०
फ्याक्स : ०१-५३६२३८०
Email: nheicc.nepal@gmail.com
Website: www.nheicc.gov.np

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

पचली, टेकु,
काठमाडौं, नेपाल

प.सं.: ०७९।८०
च.नं.: ४६८

मितिः २०७९/१०/११

विषयः बिक्री स्थल (Point of sale) मा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गराउने सम्बन्धमा ।

श्री स्थानीय तह, सबै

उपरोक्त सम्बन्धमा नेपालमा सुर्तीजन्य कम्पनीहरुले खुद्रा किराना पसल, होलसेल किराना पसल लगायत अन्य पसलहरुको बिक्री स्थलमा आफ्नो कम्पनीको नाम र दररेट सहितको मुल्यसूची राखेर विज्ञापन गरेको पाइएको र उक्त कार्य सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८, को दफा १०; सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका, २०७१ को दफा ४० र दफा ४१ तथा जनस्वास्थ्य ऐन २०७५ को दफा ४५ विपरीत भएकोले त्यस्ता विज्ञापन हुनेगरी टाँस गरिएका चुरोट, विडी, गुट्का आदिका मूल्यसूचि उल्लेखित पोस्टर वा वालचार्ट टाँस हटाउने व्यवस्था गर्न र सोको अनुगमन गर्न हुन अनुरोध गरिन्छ । । यदि टाँस गरेको पाईएमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ को दफा १७ र जनस्वास्थ्य ऐन २०७५ को दफा ५३ बमोजिम उक्त चुरोट कम्पनीलाई सजाय/जरिवाना गर्न सकिने व्यवस्था रहेको समेत जानकारीको लागि अनुरोध गरिन्छ ।

२०७९।१०।११

सुनिलराज शर्मा
निर्देशक

चौरजहारी नगरपालिका
दर्ता नं.: ११२४
मितिः २०७९।१०।२२

बोधार्थ

१. श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं ।

२. श्री स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं ।

२०७९।१०।२२
नि.प्रमुख प्रशासकिय अधिकृत